# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, असार ३१ गते, २०७६ साल (अतिरिक्ताङ्क २६

## भाग २

### प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

**प्रदेश नं. ५ प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ को अनुसूचीमा हेरफेर**

प्रदेश नं ५ सरकारले प्रदेश नं ५ प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ को नियम ७ ले दिएको अधिकार प्रयोग गरी सो नियमावलीको अनुसूची-२ मा रहेका मन्त्रालयको कार्य विभाजनमा देहायबमोजिम हेरफेर गरेको छः-

(क) क्रम सङ्ख्या ५ को सामाजिक विकास मन्त्रालयअन्तर्गतको बुँदा नं ४७, ४९, ५०, ५१, ५२ र ५३ झिकिएका छन् ।

(ख) क्रम सङ्ख्या ५ को सामाजिक विकास मन्त्रालय अन्तर्गतको बुँदा नं ४८ मा रहेका "भाषा, लिपी संरक्षण" भन्ने शब्दहरु बाहेक अन्य शब्दहरु झिकिएका छन् ।

(ग) क्रम सङ्ख्या ५ को सामाजिक विकास मन्त्रालय अन्तर्गतको बुँदा नं ५८ पछि देहायका बुँदा थप गरिएका छन् ।

५९. प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सोसम्बन्धी तथ्याङ्क संकलन, प्रशोधन र सर्वेक्षण र जनशक्ति विकास र उपयोग,

६०. वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास,

६१. विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन ।

(घ) क्रम सङ्ख्या ६ को उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयअन्तर्गतको बुँदा नं ६०, ६१ र ६२ बुँदाहरु झिकिएका छन् ।

(ङ) क्रम सङ्ख्या ६ को उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयअन्तर्गतको बुँदा नं ६२ पछि देहायका बुँदाहरु थपिएका छन् ।

६३. विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थलसम्बन्धी,

६४. संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोगसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

६५. ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवम् कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रदेशभित्रका दरबारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन,

६६. प्रादेशिक स्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन,

६७. प्रदेशभित्रका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, साँस्कृतिक धरोहरसम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण,

६८. धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन,

६९. संस्कृतिको विकाससम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन ।

**आज्ञाले,**
**राजेन्द्र थापा**
**कानून सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय